## अनुसूची– २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रतुवामाई नगरपालिका

# रतुवामाई राजपत्र

खण्डः ७ संख्याः ७ मितिः २०८०/११/०२

## भाग-२

## रतुवामाई नगरपालिका

**प्रस्तावनाः** रतुवामाई नगरपालिकाको नगर अस्पतालबाट उपलब्ध गरिने सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम् सदुपयोग गरी सेवालाई व्यवस्थित, जनमूखि र प्रभावकारी बनाउन स्वास्थ्य सेवाको व्यवस्थापन र सञ्चालन स्थानीय तहको नेतृत्वमा परिचालन गर्न नेपालको संबिधान,२०७२ को धारा २१४ वमोजिम अनुसूचि ८ र ९ को अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) तथा रतुवामाई नगरपालिकाको जनस्वास्थ्य ऐन २०८० को दफा ४४ को अधिकार प्रयोग गरी रतुवामाई नगरपालिकाले यो कार्यविधी बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## नाम, प्रारम्भ, परिभाषा

**१. नाम र प्रारम्भः**

१) यो कार्यविधीको नाम नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधी, २०८० रहेको छ ।

२) यो कार्यविधी नगर राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

२ . **परिभाषाः**

क) "प्रमुख" भन्नाले रतुवामाई नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

ख) "उप-प्रमुख" भन्नाले रतुवामाई नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

घ) "नगरपालिका" भन्नाले रतुवामाई नगरपालिका सम्झनु पर्छ।

ङ) "अस्पताल" भन्नाले रतुवामाई नगरपालिका भित्र रहेका १५ शैया सम्मको नगरअस्पताललाई सम्झनु पर्छ ।

च) "समिति" भन्नाले रतुवामाई रतुवामाई नगरपालिकाको जनस्वास्थ्य सेवा ऐन, २०८० बमोजिम गठित स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

छ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

ज) "पदाधिकारी" भन्नाले समितिका अध्यक्ष लगायतका व्यक्ति वा पदाधिकारी सम्झनु पर्छ।

**३. छापः** नगर अस्पतालको नेपाल सरकारले तोके बमोजिमको चिन्ह र छाप हुनेछ।

## परिच्छेद -२

**४. नगर अस्पताल व्यवस्थापन तथा सञ्चालनको उदेश्यहरुः**

क) स्वास्थ्य सेवालाई जनताको आधारभूत अधिकारको रुपमा स्थापति गर्ने ।

ख) उपसाधन र स्रोतको अधिकतम परिचालन गरी छिटो र प्रभावकारी स्वास्थ्य सेवा जनतालाई उपलब्ध गराउने ।

ग) जनताको आधारभूत स्वास्थ्य सेवालाई सरल, सुलभ र पुहँचयोग्य बनाउने ।

घ) स्थानिय स्तरमा नै विशेषज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्नु ।

## परिच्छेद -३

**५.समितिको पदावधिः** रतुवामाई नगरपालिका स्वास्थ्य ऐन, २०८० बमोजिम गठित पदावधी देहाय बमोजिम हुनेछ ।

क) समिति प्रमुखको पदावधि निजको पद बहाल रहेसम्म रहेन छ ।

ख) प्रमुखले मनोनित गरेको सदस्यको पदावधि २ वर्षको हुने छ ।

ग) सदस्य सचिवको पदावधि सम्बन्धित स्वास्थ्य संस्थाको हैसियतमा रहेसम्म रहने छ ।

**परिच्छेद-४**

**६.समितिको काम कर्तव्य र अधिकारः**

क) संघीय, प्रदेश तथा नगरपालिकाले बनाएको ऐन, नियम तथा निर्देशिका अनुसार अस्पताल सञ्चालन गर्ने गराउने ।

ख) नगर अस्पताल सचालन गर्न आवश्यक नीती योजना बनाई कार्यन्वयन गर्ने गराउने ।

ग) नगर अस्पतालको प्रतिवेदनको समीक्षा गर्ने सुझाव दिने तथा संस्थाको आवश्यक योजना तर्जुमा गरि कार्यन्वयन गर्ने गराउने ।

घ) नगर अस्पताललाई आवश्यक निर्देशन दिने ।

(ङ) नगर अस्पतालमा कार्यरत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड र पुरस्कारकोनीति अवलम्बन गर्ने गराउन लगाउने ।

(च) नगर अस्पतालमा कर्मचारीको व्यवस्थापन गर्न नगर भित्र रहेका नगर अस्पतालको स्वीकृत दरबन्दीको समान पदमा सरुवा गर्न, काजमा खटाउन नगरपालिकामा सिफारिश गर्ने ।

छ) नगरपालिका भित्र सञ्चालित स्वास्थ्य सेवा दिई रहेका अन्य कुनै पनि प्रकारको स्वास्थ्य संस्थाको सञ्चालन, दर्ता, नविकरण, अनुगमन, सुपरीवेक्षण तथा समन्वय आदि नियमानुसार गर्ने।

ज) जनमुखि आधारभूत स्वास्थ्य योजना पुर्याउन वडा स्वास्थ्य योजना तयार पार्ने, योजना बनाउँदा भूगोल, अल्पसंख्यक, आदिवासी, ज्येष्ठ नागरिक, विपन्न वर्ग, बालबालिका, किशोर किशोरी, महिला समूहलाई मध्यनजर राख्नु पर्नेछ ।

झ) स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको व्यवस्थापन गर्ने ।

ञ) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

**परिच्छेद-५**

**समितिको बैठक र गणपूरक संख्या**

**७. समितिको बैठक र गणपूरक संख्याः**

(१) तिन महिनामा एक पटक समितिको बैठक बसाल्नु पर्नेछ । आवश्यकता भएमा जुनसुकै अवस्थामा पनि बैठक बस्नसक्नछे ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थितभएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिकाप्रचलित मर्यादाक्रम अनुसार माथिल्लो मर्यादाक्रमको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठककोअध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राखीनेछ।

## परिच्छेद-६
## समितीका पदाधिकारीहरूका काम र कर्तव्य।

**८. समितीका पदाधिकारीहरूका काम र कर्तव्य अधिकार:**

क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

- समितीको बैठक बोलाउन सदस्य सदस्य सचिवलाई निर्देशन दिने।
- नगर अस्पतालको दैनिक कार्यको रेखदेख गर्न निर्देशन दिने।
- समितीका अन्य पदाधिकारीहरूलाई जिम्मेवारी तोकी काममा लगाउने।
- समितीले तोकेको अन्य कार्य गर्ने गराउने।

ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकारः

- अध्यक्षको निर्देशनमा समितीको बैठक बोलाउने।
- प्रतिवेदन पेश गर्ने र समितीको निर्णय कार्यन्वयन गर्ने गराउने।
- अस्पतालको प्रशासन प्रमुखको जिम्मेवारी बहनगर्ने।
- नगर कार्यपालिका र समितीको निर्णय कार्यन्वयन गर्न।

ग) सदस्यको काम, कर्तव्य र अधिकार:

- बैठकमा सहभागी हुने।
- समिती तथा अध्यक्षले तोकिदिए बमोजिमको कार्य गर्ने गराउने।
- नगर अस्पतालको सञ्चालन गर्न जनसहभागिता जटुाउन सहयोग गर्ने।

## परिच्छेद-७
## समितिको कोष

**९. समितिको कोष:**

(१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोपमा देहाय बमोजिमका रकम रहनेछः-

(क) नगरपालिकाबाट अस्पतालकालागी विनियोजित रकम,

(ख) संघीय सरकार, प्रदेश सरकार र प्राप्त रकम,

(ग) समितिले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(ङ) विदेशी सरकार, संघ, संस्थावा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(२)समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघिप्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) समितिको कोषमा रहेको रकम नेपाल भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) कोषको सञ्चालन समितीले निर्णयगरे बमोजिम हुनेछ।

(६) संस्थाको आर्थिक कारोबार बैंक मार्फतबाट मात्र गरिने छ।

(७) सदस्य सचिवले आर्थिक आय-व्ययको विवरण चुस्त दुरुस्त राख्नु पनर्छे।

(८) प्रत्येक बर्ष आन्तरिक लेखा परिक्षण गराउनु पर्नेछ।

## परिच्छेद् ८
## लेखा परिक्षण

### १०. लेखा र लेखा परीक्षणः

(१) समितिको आयव्ययको लेखा नेपाल सरकारले अपनाएकोढाँचा बमोजिम राखिनेछ।

(२) समितिको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाटहुनेछ।

(४) कार्यपालिकाले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजातजुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

## परिच्छेद ९

### ११. फार्मेसी सञ्चालन तथा व्यवस्थापन

१. निशुल्क औषधी वितरण तथा अस्पतालमा आवश्यक औषधी बिक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्न सक्नेछ।

२. फार्मेसी मार्फत बिक्री वितरण गर्ने औषधीको व्यवस्थापन नगरपालिकाको समन्वयमा अस्पतालले गर्नेछ।

३. अस्पतालमा फार्मेसी सेवा सञ्चालनका लागी ठेक्का आव्हान गरी कम्पनी फर्म , ईजाजत प्राप्त सप्लायर्सलाई दिन बाधा पुग्ने छैन।

**१२. समितीको बैठकः**

१) समितीको बैठक महिनाको एक पटक बस्नु पर्नेछ। आवश्यकता भएमा जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नछे।

२) समितिको बैठक अस्पतालको हाता भित्र बस्नु पर्नेछ।

३) समितिको कूल सदस्य सङ्ख्याको कम्तिमा एकाउन प्रतिशत सदस्यहरू उपस्थितबैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

४) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिकाप्रचलित मर्यादाक्रम अनुसार माथिल्लो मर्यादाक्रमको सदस्यले गर्नेछ।

५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा कोअध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

६) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राखेछ।

## परिच्छेद- १०
## कर्मचारी व्यवस्थापन

**१३. कर्मचारी व्यवस्थापनः**

क) नगर अस्पतालमा हाल कार्यरत कर्मचारी स्वास्थ्य सेवा ऐन, २०५३ वमोजिम नै हाललाई कार्यरत रहेको मानिने छ।

ख) उपदफा क) वमोजिम कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेका निर्देशन र कर्मचारीसमायोजन ऐन अनुसार हुने गरी व्यबस्था हुनेछ।

ग) नगर अस्पतालमा कार्यरत कर्मचारीको सेवा, शर्त र सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ।

घ) प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा वाहेक नगरपालिका भित्र नगरकार्यरत कर्मचारीहरुलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ।

ङ ) नगर अस्पतालमा कुनै किसिमको विशेषज्ञ सेवा प्रवाह गर्न कमिसन बेसमा रहेर कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद- १०
## विविध

**१४. बचाउ:**

क) यस कार्यविधिमा लेखिए बाहेकको व्यवस्था रतुवामाई नगर स्वास्थ्य ऐन, २०८० ले तोके बमोजिम हुनेछ।

ख) रतुवामाई नगरपालिकाका क्षेत्रभित्र रहकार्यबिधि बमोजिम सञ्चालन भएको मानिनेछ।

ग) यो कार्यबिधी लागू हुनु पूर्व यस भित्र कृयाशिल रहेका स्वास्थ्य संस्था वाअस्पतालहरु यसै कार्यविधि बमोजिम सञ्चालन रहेको मानिनेछ।

**१५. अधिकार प्रत्यायोजन**ःसमितीले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसारकेही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ।

**१६. साझेदारी :**

अस्पतालको सेवालाई व्यवस्थित गर्न, प्रभावकारी बनाउन अस्पतालको स्तरउन्नती सरसफाइ तथा फोहोर व्यवस्थापन क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवा लगायत व्यवस्थापन गर्न विशेषज्ञ सेवा, ल्याब सेवा, फार्मेसी सेवा सञ्चालन गर्न नगरपालिका संग समन्वय गरी आवश्यकता अनुसार सामुदायिक सरकारी निजि तथा गैरसरकारी निकाय वा संस्था संग अस्पतालले सम्झौता वा साझेदारी गर्न सक्नेछ।

**१७ . सेवा केन्द्र संचालन गर्न सक्ने :** नगर अस्पतालले प्रवाह गर्ने सेवालाई सबै नगरवासीलाई पायक पर्ने किसिमले सेवा प्रवाह गर्न कार्यपालिकाले निर्णय गरि नगरको अन्य स्वास्थ्य संस्थामा नगर अस्पतालको सेवा केन्द्रको रुपमा छुटै संचालन गर्न सक्ने छ।

**१७ . निर्देशिका बनाउने अधिकारः**

(१) यस कार्यविधि कार्यान्वयनको लागि समितिले आवश्यक निर्देशिका बनाउन सक्नेछ।

आज्ञाले,
नाम : संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत